नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ ५२०२३३
स.प्र.जि.अ. ५२१२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

मितिः २०७६/०७/०८

## प्रेस विज्ञप्ति

यस वर्षको यमपञ्चक (तिहार), छठपर्व र नेपाल सम्बत् ११४० को पावन अवसरमा देश, विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको लागि जिल्ला प्रशासन कार्यालय, म्याग्दी परिवार मंगलमय शुभकामना व्यक्त गर्दछ ।

धार्मिक तथा सांस्कृतिक महत्व बोकेको पर्व तिहारमा देउसी भैलो जस्ता मनोरञ्जनात्मक कार्यक्रमहरु सञ्चालन गर्दा बेलुकी ९.०० बजेसम्म मात्र गर्नुहुन र देउसी भैलोको क्रममा कुनै पनि संघ संस्था, समूहले अनुचित दबाव राखी रकम संकलन गर्ने, विकृति र विसंगतिलाई प्रश्रय दिने र त्यस्ता खालका श्रव्य दृश्य सामग्रीको प्रसारण गर्ने कार्य नगर्नु नगराउनुहुन अनुरोध गरिन्छ ।

दिपावली मनाउने क्रममा पटाका, भुइचम्पा, आतिसबाजी जस्ता विष्फोटक पदार्थ ओसारपसार, बिक्री वितरण र प्रयोग नगर्नु नगराउनुहुन साथै जुवा तास लगायतका जुवाजन्य खेल नखेल्नु नखेलाउनुहुन सम्पूर्ण उद्योगी, व्यापारी एवं सर्वसाधारण सबैमा अनुरोध गरिन्छ । बजारमा कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने, ठगी तथा नाफाखोरी गर्ने तथा मदिराको अवैध बिक्री वितरण गर्ने उपर कानूनबमोजिम कारवाही गरिने व्यहोरा सबैमा अवगत गराइन्छ ।

सुरक्षा व्यवस्था लगायत अन्य विषयमा कुनै गुनासो भएमा जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी चौकी वा तपशिलको नम्बरमा खबर गर्नुहुन अनुरोध छ ।

**तपशिल**

प्रमुख जिल्ला अधिकारी-९८५७६२७७७७

प्रहरी नायब उपरीक्षक-९८५७६२५५५५

२०७६।७।८

ज्ञाननाथ ढकाल
प्रमुख जिल्ला अधिकारी